स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विपिन कार्की अभिनयमा सशक्त कलाकार हुन् भन्नेमा दुईमत छैन । उनले हरेक फिल्मबाट आफूलाई प्रमाणित गर्दै आएका छन् । अभिनयमा मात्र होइन, चरित्रमा विविधता पस्किने मामलामा पनि उनी समकालीनभन्दा अगाडि नै छन् । आफ्नो उमेरभन्दा दोब्बर बढीको चरित्र समेत निर्वाह गरिसकेका उनी यतिबेला प्रदर्शनरत फिल्म 'एक भागवत र एक गीता'मा अर्को पृथक भूमिकामा छन् । यो फिल्ममा विपिनले तेस्रो लिङ्गीको भूमिकामा अभिनय गरेका छन् ।

आजको विचार...



गरिब... (दुई पेजमा)

रिसव गौतम

प्रकाश सपुत अभिनित फिल्म 'परदेशी-२' को नयाँ गीत सार्वजनिक गरिएको छ । असोज २६ गतेबाट प्रदर्शनमा आउने फिल्मको 'हिजो काम' बोलको गीतमा प्रशान्त तामाङको स्वर छ । सार्वजनिक गीतले परदेशिएका आम युवाको कथा वाचन गरेको छ । सतिश चापागाईको शब्द रचना रहेको गीतमा बि.बि अनुरागीको संगीत र एरेन्ज रहेको गीतलाई श्याम श्वेत रसाईलीले मिक्सिङ गरेका हुन् । गीतमा मनछुने संवाद समेत समावेश छन् । गीतको लिरिकल भिडियोमा फिल्मका शीर्ष कलाकार दीलिप रायमाझी, प्रकाश सपूत र रमा थपलिया फिचर्ड छन् ।



❒ वर्ष २९ ❒ अंक ६६ ❒ २०८० असोज ४ गते बिहीबार 21 September 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# गुल्मीमा करिब चार सय किशोरी आमा

रासस

**गुल्मी,** असोज ३/गुल्मीमा करिब चार सय किशोरी आमा बनेका छन् । जनचेतनाको अभावमा २० वर्ष नपुग्दै बिहे गर्ने चलनका कारण उमेर नपुग्दै गर्भवती हुनेको संख्या बढ्दै गएको स्वास्थ्य कार्यालय गुल्मीका निमित्त प्रमुख पशुपति आचार्यको भनाइ छ ।

उनका अनुसार गर्भवती किशोरी आमा बन्नेहरुमा धेरैजसो विपन्न परिवारका छन् । कतिपय किशोरीहरुले स्कुल पढ्दापढ्दै १६ वर्षको उमेरमै बिहे गर्ने र १९ वर्षमै दुई सन्तान जन्माइसकेमा हुन्छन् । बीस वर्ष उमेर नपुग्दै विवाह गरेका कारण विवाह दर्ता गराउन पनि नमिल्ने उनको भनाइ छ । कार्यालयको तथ्याङ्क अनुसार तीन हजार पाँच सय ३४ आमाहरुले गर्भवती भएपछि पहिलो पटक स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराएका छन् । तीमध्ये २० वर्षमुनिका मात्र तीन सय ८१ जना रहेको तथ्याङ्क व्यवस्थापक मदन पालले जानकारी दिए । बीस वर्ष नपुग्दै किशोरी आमा बन्नेमा सबैभन्दा धेरै रेसुङ्गा र मुसिकोट नगरपालिकामा छन् । दुवै नगरपालिकामा ५२/५२ जना किशोरी आमा छन् ।

मदाने गाउँपालिकामा ४०, सत्यवतिमा ३८, धुर्कोटमा ३५, इस्मामा ३३, चन्द्रकोटमा २६, मालिकामा २१, गुल्मी दरबारमा १९, रुरुक्षेत्रमा १२, कालीगण्डकीमा १७ र छत्रकोटमा ६ जना रहेका छन् । जिल्लामा पछिल्लो तथ्याङ्क अनुसार कूल तीन सय ५१ जना २० वर्षमुनिका आमा रहेको कार्यालयले जनाएको छ । सामाजिक अभियान्ता तथा अधिवक्ता हीरा कुँवरले



२० वर्ष नपुग्दै विवाह गर्ने आमाको संख्या बढ्नु चिन्ताजनक रहेकाले सचेतना आवश्यक रहेको बताए ।

मुलुकी देवानी संहिता, २०७४ मा महिला र पुरुषबीच विवाह हुनुपर्ने उमेर २० वर्ष तोकिएको छ । कानुनअनुसार कम उमेरमा विवाह गरे विबाहा नै बदर हुनेदेखि तीन वर्ष कैद र रु तीस हजार जरिवानासम्मको व्यवस्था गरिएको छ ।

कम उमेरमा विवाहलाई रोक्न समुदाय र विद्यालयस्तरमा कानुनी सचेतना अभिवृद्धि गर्नुपर्नेमा उनले जोड दिए । कम उमेरमा गर्भवती हुँदा बच्चा खेर जाने, समय नपुग्दै बच्चा जन्मिने, बच्चालाई क्षारे हुने, आमाको पाठेघरको मुख च्यातिने, बढी रक्तस्राब हुने र बच्चा जन्मिसकेपछि आमालाई मानसिक समस्या उत्पन्न हुने जोखिम हुन्छ । बाल विवाहको न्यूनिकरणका लागि स्थानीय सरकारले न्यूनीकरणका लागि किशोरकिशोरी केन्द्रित कार्यक्रम र अभियान सञ्चालन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

## सक्षिप्त समाचार

### इजरायल-प्यालेष्टाइन द्वन्द्वः छ जनाको मृत्यु



(रासस/एपी)

**तेलअविब,** असोज ३/इजरायल र प्यालेष्टाइनबीच जारी पछिल्लो द्वन्द्वमा छ जना मारिएका छन् । अधिनस्थ पश्चिमी किनारमा इजरायली सेनाले गरेको कारबाहीमा छ जना प्यालेष्टिनी मारिएका प्यालेष्टाइनका स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

पछिल्ला दुईपक्षीय झडपका क्रममा मंगलबारसम्म चार जनाले ज्यान गुमाएकामा बुधबार थप दुई जना मारिएका उनीहरूले बताएका छन् । जेनिनस्थित शरणार्थी शिविरमा इजरायली सेनाले गरेको कारबाहीमा अन्य ३० जना घाइते भएका छन् । बितेका डेढ वर्षदेखि इजरायल र प्यालेष्टाइनबीच दिनहुँ झडप हुँदा गाजापट्टी लगायत स्थानमा हिंसात्मक घटना रोकिएका छैनन् ।

इजरायलले प्यालेष्टिनी क्षेत्रमा आक्रमण बढाएपछि प्रतिकारमा प्यालेष्टिनीहरूले पनि रकेट प्रहार गर्दै आएका छन् । बुधबार बिहान एक जना प्यालेष्टिनी युवकले सुरक्षाफौज माथि विष्फोटक पदार्थ प्रहार गरेपछि जवाफी कारबाही गर्दा ती युवकको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

## पाल्पा उद्योग वाणिज्य संघको सूचना

पाल्पा उद्योग वाणिज्य संघको ६९ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गैरहेको सम्पूर्ण सदस्यहरुको जानकारीको लागि अनुरोध छ । साधारण सभाको निमन्त्रण पत्र सबै सदस्यज्यूहरुलाई पठाई सकिएको छ । कुनै करणवश निमन्त्रणा पत्र प्राप्त नभएमा यसैलाई सूचना मानी उपस्थितीको लागि अनुरोध छ ।

मिति : २०८० असोज ६ गते शनिबार

समय : बिहान ११:०० बजे

स्थान : बाल मन्दिर भवन, तानसेन, पाल्पा

अनुरोधक

पाल्पा उद्योग वाणिज्य संघ

तानसेन, पाल्पा

अन्य थप जानकारीको लागि : ०७५-५२०१३३, ५२११६४

# आज विश्व शान्ति दिवस विविध कार्यक्रम गरी मनाइँदै

**पाल्पा,** असोज ३/आज विश्व शान्ति दिवस । 'शान्तिप्रति हाम्रो कदम र महत्वाकांक्षा' भन्ने मूल नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ ।

हरेक वर्ष सेप्टेम्बर २१ तारिखका दिन विश्व शान्ति दिवस मनाउने गरिन्छ । सन् २०१६ को संयूक्त राष्ट्र संघको साधारण सभाले २१ सेप्टेम्बरलाई विश्व शान्ति दिवसका रुपमा मनाउने घोषणा गरेको हो । १५ सेप्टेम्बर २०१७ को दिन संयूक्त राष्ट्रसंघको शान्तिबाटिकाबाट बजाइएको बिगूलले विश्व शान्तिको शंखनाद गरेको छ । त्यो शंखनाद सिरिया, अफगानिस्तान, लिविया हुँदै विश्वका हरेक कुना कन्दरामा पुगोस् । सगरमाथाको शिखरदेखि मृत सागरको तहसम्म शान्तिको लहर फैलियोस् । विगतका वर्षहरुका शान्ति केवल राजनैतिक र दार्शनिक शव्दावलीका




रुपमा प्रयोग भएको पाइन्छ, कहीँ धर्महरुबिच त कहिँ मर्महरुबिच आततायी रुपमा शान्तिलाई निर्मम निमोठिएको छ । विश्व युद्धको अवधिलाई नरकंकालको माला लगाइदिएका शाषकहरुले आज प्रथम विश्वयुद्धको १०० भन्दा बढी वर्ष पुरा हुँदासम्म विभिन्न श्रृंखला अनि अनेक नाममा दोब्बर हाराहारीमा मान्छे मारिसकेका छन् । स्मरणीय रहोस्, शान्ति गौतमबुद्धको वचन मात्र हैन सबैको दायित्व पनि हो । हृदयमा सदाचार लिएर पाइला चालौं, आत्मियता अनि माफीको पथमा हिँडौ । आजका पुस्तालाई विश्वबन्धुत्वको पाठ सिकाउन जरुरी छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विकासका लागि शान्ति

आज विश्व शान्ति दिवस । 'शान्तिप्रति हाम्रो कदम र महत्वाकांक्षा' भन्ने मूल नाराका साथ आज शान्ति दिवस मनाइँदै छ । सन् २०१६ को संयुक्त राष्ट्र संघको साधारण सभाले २१ सेप्टेम्बरलाई विश्व शान्ति दिवसका रुपमा मनाउने घोषणा गरेको हो । कुनै पनि क्षेत्रको विकासका लागि शान्ति आजको अपरिहार्य आवश्यकता बनिसकेको छ । शान्ति बिना कुनै पनि देशको विकास र समृद्धिको कल्पना समेत गर्न सकिदैन । जहाँ शान्ति हुन्छ, त्यहाँ स्वतः विकासमूलक कार्यक्रमहरू विस्तार भएर जान्छन् । शान्तिलाई नै विकासको जग मान्न सकिन्छ । शान्ति र विकास यस्ता दुई पाटा हुन् जसको एकार्कासँग नजिकको सम्बन्ध रहेको हुन्छ । तर नेपाल जस्तो विकाशिल देशमा शान्तिको अभाव रहेको छ ।

अहिले पनि हाम्रो समाज हिंसा र विभेदको चक्रव्यूहमा जेलिएकै छ । साधन र स्रोतहरुको न्यायपूर्ण विभाजन हुन नसक्दा समाज अव्यवस्थित बन्दै गएको छ । न्यायप्रणालीसमेत विभेदकारी भैरहेको अवस्थामा शान्तिको भ्रमले काम गर्न छोडेको छैन । शान्तिको अपेक्षा स्वाभाविक भए पनि त्यसलाई खलबल्याउने तत्वहरु हाबी हुँदा शान्तिले ढुक्कसँग सास फेर्न पाएको छैन । हिंसाहरु अर्को नयाँ हिंसा उत्पादन गर्ने संयन्त्र हुन् । देशमा हिंसाको रुपमात्रै परिवर्तन भैरहेको छ, तर त्यसको असर भने न्यूनीकरण भएको छैन । यो आफैमा दुखद् हो । मूलतः सशस्त्र संघर्षको अन्त्य हुनु भनेको शान्तिको आधार तयार हुनु त हो, तर त्यसका रुप र सारहरु अनेक प्रकारले अहिले पनि देखा परिरहेको अवस्थामा शान्तिप्रति रहेको जोखिमलाई कम आकलन गर्न सकिँदैन । शान्ति प्रक्रियालाई सार्थक तुल्याउने हो भने सशस्त्र द्वन्द्वजस्ता क्रियाकलाप जन्माउने आधारहरुलाई सम्बोधन गर्नुपर्छ । यस्तो गर्न सकेको खण्डमा मात्र देशमा विकास र समृद्धि हासिल गर्न सकिन्छ । अन्यथा द्वन्द्व र अशान्तिका कारण कहिल्यै पनि विकास हुन सक्दैन ।

## Opinion @ Social Network


कोही आफ्नो भएन भनेर किन गुनासो गर्नु,
अन्तिमसम्म त आफू पनि आफ्नो रहिन्न !
(**सुमन तमुको फेसबुक स्टाटस** *https://www.facebook.com/suman.tamu)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गरिब किसानले किन पाउँदैनन् बैंकबाट ऋण ?



रिसव गौतम

> रोजगारी सिर्जना र उत्पादन बढाउन क्रियाशील व्यवसायीहरू पलायन हुने अवस्था सिर्जना हुन थालेको छ । धनीहरूलाई बैंकहरूले जति पनि ऋण प्रभाव गरिरहेका छन्, कमसल धितोमा पनि । यसरी सीमित धनीहरूलाई ऋण प्रवाह गरेबाट गत आर्थिक वर्षमा बैंकहरूको खराब कर्जा ह्वात्तै बढेको छ । अहिले धेरैजसो बैंकको खराब कर्जा ४ प्रतिशत हाराहारी पुगिसकेको छ । तर तल्लो तहमा बैंकहरूले कति पनि ऋण दिँदैन र त्यो वर्गप्रति बैंकहरू सहिष्णु छैन भन्ने प्रमाण त मिटर ब्याजीहरूको आन्दोलनले पनि प्रकट गर्छ ।

नेपालका बैंकहरूको संख्या घटेको छ । तर आकार, फैलावट र पुँजी प्रवाह गर्न सक्ने सामथ्य भने बढेको छ । खास गरी नेपाल राष्ट्र बैंकले २०६७ सालपछि बैंक तथा वित्तीय संस्थाहरूलाई मर्जर तथा प्राप्तिको प्रक्रियामा जान प्रोत्साहन गरेबाट बैंकहरूको संख्या घटेको देखिन्छ । बैंकहरूको संख्या घटे पनि उनीहरूका शाखाको संख्या बढेका छन् । देशका सबै जिल्ला, सबैजसो स्थानीय तहमा बैंकहरूको शाखा पुगिसकेका छन् । बैंकहरूको पुँजी बढेसँगै व्यवसाय विस्तारको खातिर प्रतिस्पर्धा पनि बढिरहेको छ । खासगरी कसरी हुन्छ अधिक नाफा कमाउने सवालमा बैंकहरू एकअर्काबीच प्रतिस्पर्धा गरिरहेका देखिन्छन् । सतहमा बैंकहरूले सामाजिक उत्तरदायित्व पूरा गरेको देखाउन केही रकम समाजका विभिन्न क्षेत्रमा सहयोग गरेको देखाउने गरी खर्च गरिरहेका छन् । उनीहरूले सामाजिक उत्तरदायित्वका लागि जति रकम खर्च गरिरहेका छन् त्योभन्दा ज्यादा प्रचार गर्ने गर्छन् । बैंकहरूले गरिब तथा किसान वर्गमा अत्यन्त न्यून मात्रामा ऋण प्रवाह गरिरहेका छन् । उनीहरू सो वर्गमा लगानी नै गर्न रुचाउँदैनन् । गाउँ गाउँबाट निक्षेप संकलन गरेर सहरका धनाढ्य वर्ग, सीमित उद्योगी-व्यवसायी र कर्मचारी वर्गमा उनीहरू ऋण प्रवाह गर्ने कुरामा केन्द्रित देखिन्छन् ।

पछिल्लो समय मर्जर तथा प्राप्तिका कारण बलियो बन्दै गएका बैंकहरूले ब्याजदर पनि आफूखुसी निर्धारण गर्न पाएका छन् । त्यसले झन् बैंकहरूको अस्वस्थ प्रतिस्पर्धा र कतिपय अवस्थामा सिन्डिकेटले कमजोर वर्गमा ऋण प्रवाह नहुने जोखिम बढाएको छ । बैंकहरू मेटाउँदै गएका छन् अर्थतन्त्र भने जकडिँदै गएको छ । रोजगारी सिर्जना र उत्पादन बढाउन क्रियाशील व्यवसायीहरू पलायन हुने अवस्था सिर्जना हुन थालेको छ । धनीहरूलाई बैंकहरूले जति पनि ऋण प्रभाव गरिरहेका छन्, कमसल धितोमा पनि । यसरी सीमित धनीहरूलाई ऋण प्रवाह गरेबाट गत आर्थिक वर्षमा बैंकहरूको खराब कर्जा ह्वात्तै बढेको छ । अहिले धेरैजसो बैंकको खराब कर्जा ४ प्रतिशत हाराहारी पुगिसकेको छ । तर तल्लो तहमा बैंकहरूले कति पनि ऋण दिँदैन र त्यो वर्गप्रति बैंकहरू सहिष्णु छैन भन्ने प्रमाण त मिटरब्याजीहरूको आन्दोलनले पनि प्रकट गर्छ । बैंकले गरिब, किसान, न्यून आय भएका तथा कागजपत्र जुटाउन नसक्नेलाई विगतमा ऋण प्रवाह गरेका हुन्थे भने हजारौं लाखौं मान्छे पैसाका लागि मिटरब्याजीकोमा पुग्दैनथे । त्यसकारण ऋण प्रवाह गर्ने मानेमा नेपालका बैंकहरू पूर्वाग्रहित एवं एक हिसाबले असफल छन् । बैंकिङ मान्यताका हिसाबले जति बढी सानो सानो हिसाबको ऋण प्रवाह गर्न सक्यो त्यति नै जोखिम कम हुने हो । तर बैंकहरू सीमित ठूला ग्राहकको पछि लागेपछि उनीहरू नै अहिले धक्का बेहोर्दै छन् र रणनीतिक हिसाबले फरक ढङ्गले सोचिरहेका छन् । बैंकमा अधिक तरलता हुँदाहुँदै ऋण प्रवाह गर्न डराइरहेका छन् ।

**बैंकहरूको नाफा बर्सेनि बढ्दै**

गत आर्थिक वर्ष २०७९-८० मा सबैजसो बैंकहरूले नाफा बढाएका छन् । गत वर्ष आर्थिक मन्दीका कारण धेरैजसो बैंकहरूको खराब कर्जाको दर बढेपछि लाभांश बाँड्न सक्ने क्षमता अलिक कमजोर देखिन्छ । हाल सञ्चालनमा रहेका २० वटा कमर्सियल बैंकहरूमध्ये धेरैजसो बैंकको खराब कर्जा अनुपातमा वृद्धि भएको उनीहरूले सार्वजनिक गरेका अपरिष्कृत वित्तीय विवरणले नै देखाएको छ । कतिपय बैंकको ५ प्रतिशत नघाउन नहुने राष्ट्र बैंकको खराब कर्जाको सीमा छुन लागिसकेको अवस्था छ । यद्यपि खराब कर्जाको अनुपात जे भए पनि उठ्न बाँकी ब्याजलाई नाफामा जोड्न पाइने कारण बैंकहरूको नाफामा वृद्धि भएको देखिन्छ । अधिकांश बैंकहरूको खराब कर्जाको अनुपात वृद्धि भएको हिसाबले अर्थतन्त्र बिरामी रहेको पुष्टि हुन्छ । बैंकहरूको सम्भावित कर्जा नोक्सानीबापतको प्रोभिजन फन्डमा रकम बढाउनुपर्ने बाध्यताले पनि यस पटक लगानीकर्तालाई सोचेजस्तो लाभांश वितरण गर्न सक्ने अवस्थामा छैनन् । तर पनि बैंकहरूको अवस्था चिन्ताजनक होइन । नेपालका अधिकांश बैंकहरूले कमजोर धितोमा लगानी गरेका छैनन् । त्यस कारण बैंकहरूको सावाँ ब्याज डुब्ने अवस्था छैन । गत आर्थिक वर्ष २०७९-८० को असार मसान्तसम्ममा वाणिज्य बैंकहरूले कुल ७० अर्ब १७ करोड ५९ लाख नाफा कमाएका छन् । अघिल्लो आर्थिक वर्ष २०७८-७९ मा यी बैंकहरूको नाफा ५५ अर्ब १७ करोड थियो । गत आर्थिक वर्ष २०७९-८० को असार मसान्तसम्ममा सबैभन्दा बढी नाफा नविल बैंक, ग्लोबल आईएमई बैंक र एनआईसी एसिया बैंकले कमाएका देखिन्छन् । बैंकहरूले गत वर्ष ५ खर्ब १५ अर्ब रूपैयाँ निक्षेप बढाएका छन् भने उनीहरूको खराब कर्जा १ खर्ब १२ अर्बले बढेको देखिन्छ । यसरी ३२ वटा वाणिज्य बैंकहरूको संख्या घटेर अहिले घटेर २० वटा भए पनि चुक्ता पुँजी, निक्षेप र नाफा सबै बढेका छन् । आर्थिक मन्दी र विगतका केही वर्षमा कोरोना जनित समस्याका कारण बैंकहरूमा खराब कर्जा केही बढे पनि उनीहरू मजबुत हुँदै गएको प्रष्ट देख्न सकिन्छ । त्यसैगरी कुनै बेला ८८ वटासम्म पुगेको विकास बैंकको संख्या अहिले १७ वटामा झरेको छ । राष्ट्र बैंकको मर्जर नीतिका कारण विकास बैंकहरूको संख्या अत्यन्तै खुम्चिएको हो । त्यसमाथि अहिले राष्ट्रिय स्तरमा ८ वटा मात्र विकास बैंक सञ्चालनमा छन् । जति छन् उनीहरूले पनि वाणिज्य बैंकहरू सरह प्रतिस्पर्धामा उत्रिएका छन् । गत आर्थिक वर्ष ०७९-८० मा विकास बैंकहरूले कुल ५ अर्ब ७८ करोड नाफा कमाएका छन् । यद्यपि विकास बैंकहरूको गत आर्थिक वर्षमा खराब कर्जा पनि बढेको छ । गत वर्ष विकास बैंकहरूले १४.२९ प्रतिशतले निक्षेप र ८.१६ प्रतिशतले कर्जा बढाएका छन् । आर्थिक मन्दी, तरलता अभावको मार र वाणिज्य बैंकहरूसँगको प्रतिस्पर्धा खेपेका विकास बैंकहरूले आफ्नो उपस्थिति बलियो बनाएकै देखिन्छ ।

**वित्तीय पहुँच घट्दै**

दक्षिण एसियामै नेपाल अधिक आर्थिक असमानता भएको देशको रूपमा चिनिन्छ । यहाँको राष्ट्रिय आयमा २० प्रतिशत गरिब नागरिकको हिस्सा जम्मा ४ प्रतिशत र २० प्रतिशत उपल्ला धनीहरूको हिस्सा करिब ६० प्रतिशत रहेको अध्ययनहरूले देखाउने गरेको छ । खासगरी बैंक तथा वित्तीय संस्थाहरू फस्टाएको ४ दशकयता आर्थिक असमानता झन् बढेको छ । बैंकहरूले धनीहरूलाई झन् धनी हुन र उनीहरूको वित्तीय व्यवस्थापन एवं सम्पत्ति सुरक्षामा सघाएका छन् तर गरिबहरूलाई उनीहरूले पुछेका छैनन् । अहिले पुँजीको बागडोर सम्हालेका बैंकहरूमा कुन वर्गको हालीमुहाली छ भन्ने तथ्य धेरैले बुझेका छन् । समाजवादको डम्फु बजाएर सत्तामा पुगेकाहरूले वित्तीय स्रोतको समन्यायिक पहुँच विस्तार गर्ने सम्बन्धमा अलिकति पनि सोचेका छैनन् । लाखौं लाख युवाले विदेशमा श्रम गरेर पठाएको रेमिट्यान्स परिचालन र गाउँ गाउँबाट उठाइएका सानो सानो अंशको निक्षेपमा खास वर्गको मात्र पहुँच र एकाधिकार बढिरहेको छ । तर पनि एकाथरी बैंकर जो अकुत सम्पत्ति कमाएर पनि विदेशतिर टहलिन सकेका छैनन् । तिनले बैंकहरूले अर्बौं नाफा गरे पनि प्रतिसेयर आम्दानी न्यून छ । सोचेजस्तो लाभांश बाँड्न बैंकहरूले सकेका छैनन् भनेर साहु भक्तिगान गाइरहेका छन् । तर तिनले बुझनुपर्छ, धनीहरूको सेयरले अधिक कमाउन नसक्नुभन्दा गरिब तथा किसान वर्गले कर्जा नपाउने अवस्था चिन्ताजनक छ । त्यो आर्थिक विकास र समृद्धि दुवै हिसाबले, गरिबी निवारणको हिसाबले किन नहोस् । वित्तीय स्रोतमा समान पहुँच नहुँदासम्म असमानता घटेर जाने छैन । बैंकहरूको शाखा बढेकै आधारमा राष्ट्र बैंकसमेतले वित्तीय पहुँच बढेको मान्ने गरेको छ । तर त्यो कसरी पुष्टि होला ? खासगरी वित्तीय स्रोत आफ्नो अधीनमा राख्ने धेरैजसो बैंकहरूका अध्यक्ष तथा सञ्चालक गनेचुनेका ब्यापारी नै छन् । उनीहरूको आसेपासे र भक्तिभाव गाउनेहरूले सजिलै ऋण पाउने अवस्था छ । त्यस कारण जति जति बैंकहरूको संख्या खुम्चिएको छ उति नै वित्तीय स्रोतको पहुँचमाथि असमानता बढेको देखिन्छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थामा खुलेका निक्षेप खाता जनसंख्याभन्दा बढी ५ करोड १ लाख १३ हजार ९८ वटा पुगेका छन् । त्यसको अर्थ सबै नेपालीको पहुँचमा बैंक पुगेको होइन । एकभन्दा बढी बैंकमा खाता खोल्न पाइने कारण जनसंख्याभन्दा बढी निक्षेप खाता पुगेका देखिन्छन् । तर राष्ट्र बैंककै अनुसार ऋण खाता भने १८ लाख ४२ हजार ९ सय ३० रहेको छ । तथ्याङ्कीय हिसाबले कुल खातामध्ये ४ प्रतिशतले मात्र ऋणको सुविधा पाएका देखिन्छन् । बाँकी ९६ प्रतिशत खातावाला ऋणको पहुँचभन्दा बाहिर छन् । वित्तीय स्रोतमा योभन्दा भद्दा असमानता अरू के होला ? सीमित वर्गले ऋणमै मोजमस्ती, सुखसयल गरिरहेको छ । तर साना साना उद्यम गरेर, कृषि गरेर केही गर्छु भन्नेहरू ऋणको अवसरबाट वञ्चित देखिन्छन् । योजना आयोग, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयले त्यसतर्फ कहिले सोच्ने ? कहिले होला वित्तीय असमानताको अन्त्य ? ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : समय राम्रो छ। शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ।

**बृष** :मित्रवर्गबाट सोचेजस्तो लाभ प्राप्त गर्न कठिनाइ हुनेछ। समय राम्रो छैन।

**मिथुन** :बौद्धिक कार्यमा सफलता प्राप्त हुनेछ।मनोरञ्जनका लागि राम्रै दिन छ।

**कर्कट** : मानसिक तनाव हुनेछ। उता झुठो फत्तुर पनि आइलाग्न सक्छ।

**सिंह** :साथीभाइसित भेटघाट हुने योग छ। समाजको नेतृत्व बहन गर्नुपर्ने बेला छ।

**कन्या** :जोस र जाँगर बढ्नेछ। धातुको कारोवारबाट धेरथोर लाभ मिल्नेछ।

**तुला** : विभिन्न देवालय मठ मन्दिर आदिको भ्रमण र दर्शन हुनेछ।धेरै नबोल्नु बेस छ।

**बृश्चिक** :अपमानसहनु पर्ने हुनसक्छ। आर्थिक लगानी गर्नु भर पर्दो देखिन्न।

**धनु** :शुभ समाचारले मन फुरुङ्ग हुनेछ। सामाजिक समारोहमा भाग लिनु पर्नेछ।

**मकर** :स्वास्थ्यस्थिति राम्रो रहनेछ। पारिवारिक सुखसम्मृद्धिमा बृद्धि हुनेछ।

**कुम्भ** :पत्रिका वा म्यागेजिन नै भए पनि पठनपाठनमा राम्रो हुन्छ।

**मीन** :कुनै विद्यार्थीलाई उपहार दिँदा तपाईंको चौतर्फी उन्नति हुने संकेत छ।




नीति कथा

# विगतलाई धिक्कार्दै मृत्युको प्रतीक्षा



मानिसलाई ढाँट्न सकिए पनि भगवान्लाई सकिन्न । जति नै गोप्य तरिकाले ढाँटेको भए पनि भगवान्ले थाहा पाएर हिसाब किताव राखेका हुन्छन् र मौका आउनासाथ हिसाब राफसाफ गर्न लगाउँछन् । भाइबहिनीहरूका जानकारीका लागि यहाँ यसै सम्बन्धी एउटा कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो कुनै एक पहाडमा एक जना सज्जन बस्थे । उनको नाम अनुसारको स्वभाव थिएन । नाम त राम्रो थियो तर स्वभाव भने धूर्त र छलछामको थियो । देख्न त सज्जन नै देखिन्थे, सज्जनकै अभिनय गर्थे तर मनमा भने ठगी र धुत्याइँकै योजना बुनिरहेका हुन्थे ।

यस्तैमा एक दिन उनको मनमा ठगीको नयाँ योजना फुऱ्यो र पहाडबाट पहिरोमा झरेको एउटा कलात्मक ढुङ्गालाई अलौकिक देवमूर्तिको संज्ञा दिएर प्रचार गर्न लागे । प्रचारको क्रममा आफैँ उत्पन्न भएको गणेशको मूर्ति पनि भने, यसलाई मन्दिर बनाएर स्थापन गर्नुपर्छ पनि भने । गाउँलेहरू सिधासाधा थिए उनको चिप्लो बोलीमा सहजै विश्वास गर्थे । यहाँ पनि त्यस्तै भयो । उनले भन्नासाथ आपसी श्रमदानबाट भव्य मन्दिर बनाएर मूर्तिलाई स्थापित गरिदिए । त्यसपछि मन्दिरमा नित्य पूजा र आरती हुनुपर्छ भन्दै आफूले आफैँलाई पुजारी नियुक्त गरी बसे । बिस्तारै मन्दिरको प्रचार बढ्दै गयो । भक्तजनहरू आफैँ प्रकट भएका गणेश भगवान् भन्थे गाउँ छिमेक मात्र नभई वरपरका गाउँबाट समेत दर्शन गर्न आउन थाले । भक्तजनको भीड लाग्न थालेपछि मुलुकका उच्चस्तरीय प्रशासकहरू ठुलठुला नेताहरूसमेत दर्शन गर्न आउन थाले । फलत: चाँडै नै सो मन्दिरले भव्य धार्मिक स्थलको रूपमा प्रसिद्धि पायो । मन्दिरको आम्दानी त यसै पनि बढ्दै गएको थियो त्यसमाथि उनले विकासको योजनाहरू देखाएर सरकारी बजेटसमेत हत्याउन थाले तर प्राप्त रकम भने सबै आफ्नै ढुकुटीमा जम्मा गर्ने गर्थे । मन्दिरलाई देखाएर सम्पत्ति त कमाए तर सार्वजनिक हितमा भने एक पैसा पनि लगाएनन् । केही समयपछि उनी नराम्ररी बिरामी परे । जानेबुझेजति औषधी उपचार गराए तर केही लागेन । जब उनी सहरको कुनै अस्पतालमा जँचाउन गए तब थाहा पाए उनलाई क्यान्सर रोग लागेर निकै फैलिसकेको रहेछ । यसपछि उनी रुन कराउन लागे । जब असह्य पीडा हुन थाल्यो त्यसपछि भगवान्लाई गाली गर्न थाले । हरेक कुराको सीमा हुन्छ । यहाँ पनि त्यस्तै भयो । जब गालीले सीमा नाघ्यो तब भगवान्ले एक रात सपनामा आएर भने-

*मन्दिरको आम्दानी त यसै पनि बढ्दै गएको थियो त्यसमाथि उनले विकासको योजनाहरू देखाएर सरकारी बजेटसमेत हत्याउन थाले तर प्राप्त रकम भने सबै आफ्नै ढुकुटीमा जम्मा गर्ने गर्थे । मन्दिर लाई देखाएर सम्पत्ति त कमाए तर सार्वजनिक हितमा भने एक पैसा पनि लगाएनन् । केही समयपछि उनी नराम्ररी बिरामी परे । जानेबुझेजति औषधी उपचार गराए तर केही लागेन । जब उनी सहरको कुनै अस्पतालमा जँचाउन गए तब थाहा पाए उनलाई क्यान्सर रोग लागेर निकै फैलिसकेको रहेछ । यसपछि उनी रुन कराउन लागे । जब असह्य पीडा हुन थाल्यो त्यसपछि भगवान्लाई गाली गर्न थाले । हरेक कुराको सीमा हुन्छ । यहाँ पनि त्यस्तै भयो ।*

'पुजारी भाइ ! कुन मुखले मलाई गाली गर्दैछौ भन त ? मन्दिरको नाममा सम्पत्ति त कमायौ तर सदुपयोग भने गरेनौ । न भोका नाङ्गालाई एक गाँस खान दियौ न दु:खमा परेकालाई एक रात बास बस्नसम्म दियौ । उल्टै मन्दिर कसैको बिर्ता होइन भन्थ्यौ शरणमा आउनेलाई गलत्याएर निकाल्ने गथ्यौ । मानिसहरू स्कुलका लागि सहयोग माग्न आउँथे तिमी यो काम सरकारको हो भन्दै पन्छाउने गथ्यौ ।

मन्दिरको सम्पत्ति सबैको हो । सबैका भएपछि सर्वहितमा लगाउनुपर्नेमा आफ्नै निजी ढुकुटीमा जम्मा गर्ने गथ्यौ । पुजारीको खोल ओडेर गाउँका बालबालिकादेखि एकल महिलासम्मको शोषण गर्न बाँकी राखेनौ । कसैले विरोध गरे बदनामीको डर देखाएर चुप लगाउने गथ्यौँ । अहिले त्यसैको फल पाएका हौ । त्यति ठूलो पाप गरेर पनि मलाई गाली गर्ने हिम्मत कसरी गऱ्यौ ? जे भएको छ ठीक भएको छ । जस्तो कर्म गरेका थियौ त्यस्तै फल पाएका हौ ।' यति भनेर भगवान् अलप भए । उनको निद्रा खुल्यो तर सपनामा दृष्य भने अहिले पनि आँखाकै अगाडि नाचिरहेको थियो । बल्ल उनको होस आयो तर त्यतिबेलासम्म निकै अबेर भइसकेको थियो । त्यसपछि उनी आफ्नो विगतलाई धिक्कार्दै मृत्युको प्रतीक्षा गर्न लागे । लामो समयसम्म असह्य पीडा सहेर त्यो जीवन बिताए तर सुख भने त्यसपछि पनि पाएनन् । उनको रोगी शरीरले छाडेको भए पनि कर्मको संस्कारले भने छाडेको थिएन र नरक कुण्डमा गएर भोग गर्न थाले । धेरै पहिलेदेखि सुन्दै र पढ्दै आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर अरूलाई ठग्दै हिँड्नेले एक दिन प्रकृतिको तर्फबाट दण्डित हुनुपर्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*

बाल कथा — यशु श्रेष्ठ

# हराएकी उनी र जूनकीरीहरू



उनी यता कुदिन् । उता कुदिन् । यता पो बाटो हो कि ? उता पो बाटो हो कि ? चारैतिर हेर्दै कुदिन् । अहँ, कतै पनि छैन बाटो । 'घर जाने बाटो कता होला ?' एकछिन सोचिन् । 'ए ! यता पो हो कि ?' झाडी पन्छाउँदै अगाडि बढिन् । अहँ, त्यहाँ पनि बाटो छैन । अब के गर्ने होला ? उनलाई डर लाग्न थाल्यो । मुटु ढुकढुक गर्न थाल्यो । आँखाबाट आँसु पनि झर्न लागे । 'आमा ! आमा हो !' रूवाइ मिसिएको आवाजमा चिच्याइन् उनी । 'ए आमा ! आमा .....!' उनी अझै आमालाई बोलाउन लागिन् । अहँ, कतैबाट पनि आमाको आवाज आएन ।

आमा ! मलाई लिन आउनुस् । बाबा हो ! मलाई लिन आउनुस् । उनी रुँदै झाडी झाडी कुद्न लागिन् । झन् रात पर्दै गयो । जंगलमा झनै अँध्यारोले छोप्यो । बाँदरहरू ख्याक् ...ख्याक्.... घ्वाँक्क......घ्वाँक्क कराउँदै-उफ्रदै सुत्ने रूखतिर जाँदै थिए । झ्याउँकीरीहरू झिं ....झिं ... झिं ...चीं...झिं..गरेर एकै स्वरमा कराउन लागेका थिए । उनलाई डरले झन् झन् सताउन थाल्यो । 'ए बाँदरदाइ' मलाई घर पुऱ्याइदेउ न ।' उनी बाँदरहरूसँग मद्दत माग्दै थिइन् । बाँदर उनको कुरा नसुनेरै हाँगा-हाँगामा उफ्रदै थिए । 'ए रूख ! मलाई मेरी आमासँग भेटाइदेउन ।' उनी रूखहरूलाई भन्दै थिइन् । रूखहरू सिरसिर पात हल्लाउँदै उभिरहे । 'आमा ! आमा हो !' अझै आमालाई बोलाउँदै, रूँदै उनी हिँड्न लागिन् । अँध्यारो गाढा भयो । अब त रूखहरू पनि देखिन छाडे झैँ भयो । बाँदरहरू पनि उफ्रन छाडे । झ्याउँकीरीहरू किरिरि.... किरिरि गरेको मात्रै सुनिन्थ्यो । 'आमा ! आमा !' उनी त्यहीँ बसेर ग्वाँ ग्वाँ रुन लागिन् । उनी रोएकोबाहेक कुनै मान्छेको पनि आवाज आउँदैन थियो । उनको पछाडिपट्टि एउटा पात छिसिक्क झऱ्यो । 'ए आ...मा ! आबुई !' उनी त्यहाँबाट जुरूक्क उठेर भागिन् । भाग्दा एउटा रूखमा ठोकिन पुगिन् । उनी त्यहीँ लडिन् । उनलाई त्यहाँबाट उठ्नै मन लागेन । उनी रोइरहिन् । डरले उनको मुटु काँपिरहेको थियो । उनी लडेको ठाउँनिरै एउटा जूनकीरी आइपुग्यो । जूनकीरीको पुच्छरमा पिलपिल बत्ती बलेको थियो । उनले पुलुक्क जूनकीरीतिर हेरिन् । जूनकीरीले पनि उनीतिर हेऱ्यो । 'तिमी किन रोएकी ?' जूनकीरीले सोध्यो । कोही बोलेको सुनेर उनी झसङ्ग भइन् । कताबाट आउँदैछ यो आवाज ? कसको आवाज हो यो ? डर मान्दै मान्दै चारैतिर आँखा डुलाइन् । 'उठ ! उठ ! त्यसरी भुइँमा सुत्नु हुँदैन ।' उनको अगाडि नै बसेर जूनकीरीले भन्यो । जूनकीरी बोलेको सुनेर उनलाई अचम्म लाग्यो । एकटकले जूनकीरीलाई हेरिरहिन् । 'यति राति जंगलभित्र ? किन एक्लै सुतिरहेकी ?' जूनकीरीले जिज्ञासा जनायो । उनी बोलिनन् । रोइरहिन् मात्र । 'तिमीलाई बोल्न आउँदैन कि क्या हो ?' जूनकीरीले उनको आँसु पुछिदिँदै सोध्यो । 'होइन,' रुवाइ मिसिएको स्वरमा भनिन् उनले । 'अनि भन न त । किन यति राति पनि एक्लै जंगलमा बसिरहेकी ?" जूनकीरीले सोध्यो । 'मलाई घर जाने बाटो नै थाहा छैन । म कसरी घर जानु त ?' उनले भनिन् । 'तिमी एक्लै जंगलमा आएकी ?' जूनकीरीले सोध्दासोध्दै 'अँ' भनेर टाउको हल्लाइन् उनले । 'घर फर्किने बाटो नै थाहा नपाउने । बच्चा मान्छे पनि एक्लै जंगलमा आउने हो त ?' जूनकीरीले मायालु बोलीमा सोध्यो । 'म आमालाई खोज्दै जंगल आएको हुँ ।' उनले भनिन् । 'किन तिम्री आमा हराउनुभएको छ र ?' अचम्म मान्दै जूनकीरीले सोध्यो । 'हैन ! मेरी आमा घाँस काट्न जंगल आउनुभएको थियो । उहाँलाई भेट्छु कि भनेर म पनि जंगलमा आएँ । मैले आमालाई धेरै बोलाएँ । धेरै खोजेँ तर अहँ भेट्न सकिनँ । हुँ ...हुँ त्यति भन्दा नभन्दै उनी फेरि रुन थालिन् । 'त्यत्रो ठूलो जंगल छ । तिम्री आमा एकातिर जानुभयो होला । तिमी अर्कैतिर आयौ होला । अनि कसरी भेट्छौ त आमालाई ? तिमीले बुद्धि पुऱ्याइनछौ । धत्तेरिका ।' भन्दै हात पड्कायो जूनकीरीले । 'मलाई त कस्तो डर लागिरहेको छ । म अब कसरी घर फर्कने होला ?' सुँक्क-सुँक्क गर्दै उनले भनिन् । 'लौ लौ धन्दा नमान । म तिमीलाई तिम्रो घरसम्म पुऱ्याउने उपाय निकाल्छु । बरु भन त, तिम्रो घरको रङ कस्तो छ ?' जूनकीरीले सोध्यो । 'रातोमाटोले पोतेको छ हाम्रो घरलाई ।' उनले भनिन् । 'अँ छानाचाहिँ केले छाएको छ नि ?' जूनकीरीले सोध्दै गयो । 'खबटाले' उनले उत्तर दिँदै गइन् । 'घर अगाडितिर के छ नि ?' 'अँ ! एउटा आँपको बोट । एउटा टिकुलीको बोट ।' 'पछाडिपट्टी नि ?' 'ठूला-ठूला पाटा भएको खेत छ ।' 'तिम्रो घरमा कतिजना छन् ?' 'म, भाइ, आमा, बाबा अनि ठूल्दाजु ।' जूनकीरीले उनको घरठाउँबारे धेरै कुरा सोध्यो । त्यसपछि कराउँदै आफ्ना साथीहरूलाई बोलायो । एकैछिनमा धेरै जूनकीरीहरू आइपुगे । धेरै जूनकीरी आएपछि धेरै उज्यालो पनि भयो । उनलाई अलि कम डर लाग्यो । ल अब हामी तिम्रो घर खोज्न जान्छौँ है ?- धेरै जूनकीरीले एकै आवाजमा भने । केही जूनकीरी उनी भएकै ठाउँमा बसे । उनलाई केही खुसी लाग्यो । जूनकीरीहरू त्यहाँबाट उडे । अन्य ठाउँका, अर्को-अर्को जूनकीरीहरूसँग सम्पर्क राख्दै, सोध्दै उनीहरूले घर खोज्न थाले । जूनकीरी-जूनकीरीबीचको सम्पर्कले गर्दा छिट्टै उनको घर पत्तो लाग्यो । त्यसपछि झन् धेरै जूनकीरीहरू उनी भएको ठाउँमा आए । सबै जूनकीरीहरूको बत्तीको प्रकाशले चारैतिर उज्यालो बनायो । जूनकीरीहरूले भने- लौ हिँड घरमा । 'कताबाट जाने त ?' उनले सोधिन् । 'हामी बाटो देखाउँदै उड्छौँ । तिमी तयही बाटैबाटो आउ ल ?' जूनकीरीहरूमध्ये एउटाले भन्यो । 'हुन्छ ।' टाउको हल्लाइन् उनले । त्यसपछि जूनकीरीले देखाएकै बाटो पछ्याउन थालिन् । केहीबेरको हिँडाइपछि उनी घर पुगिन् । आमा, बा, ठूल्दाजु उनलाई खोज्दै रहेछन् । आमा त पिलपिल आँसु बगाउँदै रोइरहनुभएकी रहेछ । 'आमा .... !' भन्दै उनी गम्लङ आमालाई अँगालो हाल्न पुगिन् । एक्कासी छोरी घरमै आइपुगेको देखेर सबैजना दंग (छक्क) परे । कहाँ गएकी थियौ यति रातिसम्म ? धेरै प्रश्नको उत्तर दिनुपर्थ्यो उनले । आफू आमालाई खोज्दै जंल गएको कुरा, जंगलमा भएका कुरा सुनाउँदै उनले भनिन् 'मलाई त बाबै, जूनकीरीहरूले घर ल्याई पुऱ्याइदिएका ।' उनको कुरा सुनेर सबै चकित भए । हुन पनि त्यतातिर धेरै जूनकीरीहरू उडिरहेका थिए । कति जूनकीरीहरू 'वाई... ! वाई .... !' गर्दै फर्किरहेका थिए । कतिपय जूनकीरीहरू रूखको वरिपरि घुम्दै नाचिरहे झैँ गर्दै थिए । 'कति जाति बाबै जूनकीरीहरू त !' उनी पनि हात हल्लाउँदै थिइन् ।

*-मझेरी डटकम*

# कालीगण्डकीमा अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन



**गल्याङ,** असोज ३/कालीगण्डकी नदीबाट अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन तथा चोरी निकासी हुने गरेको छ । शुक्रबार गल्याङ नगरपालिका ११ जिमुहा कोप्चेघाटस्थित कालीगण्डकी नदीबाट अवैधरुपमा ढुङ्गा लोड गरी ल्याउँदै गरेको ग त ५६७३ नम्बरको ट्याक्टर समातिएपछि घटना बाहिर आएको हो । ट्याक्टरलाई जनप्रतिनिधि र स्थानयीवासीले नियन्त्रणमा लिएका थिए । कालीगण्डकी नदीबाट तीन वर्षयता नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा निकासी गर्न अदालतले रोक लगाएको छ । स्थानीयको प्रयासपछि ट्याक्टरलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । प्रहरीले ट्याक्टरलाई गल्याङ नगरपालिकाको जिम्मा लगाएको छ । नगरपालिकाको राजस्व कार्यालयले नियमानुसारको जरिवाना भन्दै रु १० हजार लिएर ट्याक्टरलाई छोडिदिएको छ ।

गल्याङ नगरपालिका-११ का वडासदस्य प्रकाश भट्टराईले कालीगण्डकी नदीको पटकपटक दोहन हुने गरेको बताए । उनले अवैधरुपमा लोड गरी ल्याएका ढुङ्गा, गिट्टी र बालुवा समात्न खोजे पनि असफल भएको बताए । "धेरैपटक म र प्रहरीसँगै घटनास्थलमा गएको छु तर प्रमाण पुष्टि हुन नसक्दा समात्न सकेनौँ", उनले भने, "यो पटक भने ढुङ्गासहितको ट्याक्टर समातेर प्रहरीको जिम्मा लगाउन सफल भयौँ ।" वडासदस्य भट्टराईले कालीगण्डकीमा नदीजन्य पदार्थ उत्खनन तथा निकासीमा प्रतिबन्ध लगाइएकाले चोरी निकासी हुनु राज्यविरुद्धको गतिविधि भएको दाबी गरे । उनले यस क्षेत्रमा यस्ता गतिविधि पटकपटक हुने गरेको भन्दै नगरपालिका चनाखो भएर अवैध गतिविधि रोक्न लाग्नुपर्नेमा जोड दिए । टेण्डर प्रक्रिया नगरी नगरपालिका र विभिन्न ठेकेदार तथा कम्पनीको मिलिमतोमा कालीगण्डकीको नदीजन्य पदार्थ उत्खनन, चोरी तथा निकासी हुने गरेको कतिपय स्थानीयको आरोप छ । उनीहरुले अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्न ठुलै गिरोह सक्रिय रहेको भन्दै सत्यतथ्य छानबिन गरी दोषीलाई आवश्यक कारबाही गर्नसमेत माग गरेका छन् ।

चोरी निकासीमा सक्रिय गिरोहले कालीगण्डकी नदीका ढुङ्गा, गिट्टी, बालुवालगायत निर्माण सामग्री निकालेर विभिन्न स्थानका लागि बिक्री गर्ने गरिएको स्थानीयको आशङ्का छ । बर्खाको बेला कालीगण्डकी नदीको तटमा ढुङ्गा, गिट्टी र बालुवालगायत निर्माण सामग्री जम्मा हुने गर्दछ । चोरी निकासीमा सक्रिय गिरोहले प्रहरी-प्रशासनलाई छलेर बेलाबेला निर्माण सामग्री उत्खनन गरिरहेका हुन्छन् । राम्दी, परेवाकुना, ठूला ढुङ्गा, एक्किया, छर्ती, जिमुवा काप्चेघाट, हुँगीघाट, बेलचौर, बेल्चौर जामुने, निमाघाट गल्याङ नगरपालिकास्थित कालीगण्डकी नदीका प्रमुख ढुङ्गा, गिट्टी, बालुवा लगायतका सामग्री जम्मा हुने स्थल हुन् । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक पावलसिंह लामाले १० दिनयता जिल्ला कारागार नजिकै आँधीखोलाबाट अवैधरुपमा लोड गरी ल्याएको ३० बोरा बालुवासहितको बलेरो जिप र पुतलीबजार नजिकै चिहान घाटबाट समेत त्रिपालले ढाकेर बालुवा ल्याउँदै गरेको अवस्थामा ट्याक्टरलाई नियन्त्रणमा लिएर कारबाही गरिएको बताए ।

"अवैध चोरी निकासी नियन्त्रण गर्न साँझपख मोबाइल गाडी खटाएका छौँ", सूचना अधिकारी लामाले भने, "व्यावसायी, ठेकेदार तथा उपभोक्तालाई स्टक प्रमाणित भएका स्थानबाट मात्र ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्री खरिद बिक्री गर्न आग्रह छ, कोही कसैले अटेर गरी अवैध गतिविधि गरेमा कारबाही गरिने छ ।" गल्याङ नगरपालिका प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले ढुङ्गा, गिट्टी, बालुवा लगायतका सामग्री अवैधरुपमा चोरी निकासी गरेको भेटिएका सबैलाई बिनापूर्वाग्रह कारबाही गरिएको बताए । "अवैध नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणका लागि नगरले योजना बनाउने तयारीमा छ", उनले भने, "गएका आर्थिक वर्षमा पनि हामीले कारबाही गरेका छौँ, आगामी दिनमा पनि नदीजन्य पदार्थ चोरी निकासी गर्ने जो कोहीलाई काडाईका साथ कानुनी प्रक्रियामा ल्याउन प्रहरीलाई निर्देशन दिएका छौँ ।" *-रासस*

## खेलकुद समाचार

### अष्ट्रेलियन लिग खेल्न किशोर अष्ट्रेलिया प्रस्थान



**काठमाडौँ,** असोज ३/राष्ट्रिय क्रिकेट टिमका तीव्र गतिका बलर किशोर महतो अष्ट्रेलियन लिग खेल्न अष्ट्रेलिया प्रस्थान गरेका छन् । उनी नेपाल क्रिकेट संघ क्यानको अनुमति लिएर फेब्रुअरीसम्मका लागि अष्ट्रेलिया गएका हुन् । उनले अष्ट्रेलियाको दुई वटा लिग खेल्ने क्यानले बताएको छ ।

उनी राष्ट्रिय टिमका लागि भने जुनसुकै बेला आइपरे पनि नेपाल फर्कने गरी अष्ट्रेलिया गएका हुन् । 'उनी पलायन भएका होइनन्, उनी अष्ट्रेलियन लिग खेल्नका लागि क्यानसँगको सहमतिमा नै अष्ट्रेलिया गएका हुन्,' क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले भने । राष्ट्रिय टिमका खेलाडीहरुले सि यू सुन इन अष्ट्रेलिया (हामी छिट्टै अष्ट्रेलियामा भेट्ने छौं) भन्ने पोष्टहरु भने राष्ट्रिय टिम पनि अभ्यासका लागि अष्ट्रेलिया जाने तयारी भएका कारण आएको पाठकले स्पष्ट पारेका छन् ।

पछिल्लो समय फुटबलमा भएको खेलाडी पलायनका कारण सबैले क्रिकेट खेलाडीमा पनि सुरु भएको आँकलनलाई पाठकले स्पष्ट पार्दै भने, 'उहाँ पलायन हुनु भएको होइन । हाल राष्ट्रिय टिममा नभएका कारण लिग खेल्न जाने अनुमति हामीले दिएका हौं ।'

## कर्पोरेट/अर्थ समाचार

### एनएमबि बैंकले ल्यायो अध्याधुनिक डिजी स्टेशन




**पाल्पा,** असोज ३/एनएमबि बैंकले 'डिजी स्टेशन' सञ्चालनमा ल्याएको छ । बैंकले डिजिटल बैंकिङ प्रवर्द्धन गर्ने उद्देश्यले अत्याधुनिक डिजी स्टेशनको सुरुवात गरेको हो ।

डिजी स्टेशन ग्राहकलाई सहज र सुविधाजनक बैंकिङ अनुभव प्रदान गर्न बनाइएको स्टेशन हो । जसमा नगद डिपोजिट, क्लियरिङ चेक डिपोजिट, चेक स्टप, चेक रिक्विजिसन, ब्यालेन्स सोधपुछ, नगद निकासी, र स्टेटमेन्ट जेनरेट सबै एकै ठाउँबाट स्वचालित प्रणालीमा मानविय सहायता बिना गर्न सकिनेछ । डिजी स्टेशनको सुरुवातले ग्राहकलाई बैंकले प्रदान गर्ने बैंकिङ सेवा, सुविधामा वृद्धि हुने विश्वास बैंकले लिएको छ । ग्राहकको परिवर्तनशील बैंकिङ आवश्यकता पूरा गर्न निरन्तर रूपमा लागिरहेको बैंकको दावी छ ।

बैंकले प्रथम चरणको डिजी स्टेशनको सुरुवात एनएमबि भवन, बबरमहल शाखामा ४ वटा मेसिन जडान गरी सञ्चालन गरेको छ । क्यास डिपोजिट मेसिनमा ग्राहकले १ लाख रुपैयाँभन्दा कम रकम बैंकको काउन्टर नपुगी आफैं खातामा रकमान्तर गर्न सक्ने र डिपोजिटको रसिद पनि सोही मेसिनबाट प्राप्त गर्न सक्ने सुविधा रहेको छ । साथै, चेक डिपोजिट मेसिनमा ग्राहकले चेक स्टपदेखि नयाँ चेकको आवेदन र क्लियारिङ चेक समेत डिपोजिट गर्ने सुविधा रहेको छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई